Education
Public Schools

**Walk safely**




# सडक सुरक्षा जानकारी

**तपाईंका बालबालिका विद्यालय जाँदा र फर्कदा उनीहरुको सुरक्षा तपाईंको जिम्मेवारी हो।**

# सुरक्षित तवरले हिँड्न

जबसम्म आफ्ना बालबालिकाहरु कम्तीमा ८ वर्ष उमेरमा हुँदैनन्, सधैँ तिनीहरुको हात समाउनुहोस् – सडकपेटीमा हिँड्दा, कार पार्कमा तथा बाटो काट्दा।

जब तपाईंको बालबालिका ८ देखि १० वर्ष उमेर बीचका हुँदैनन्, उनीहरु सवारीको नजिक हुन्छन् तथा बाटो काट्दै हुन्छन् उनीहरुलाई निकै नजिकबाट सुपरीवेक्षण गर्नुहोस्।

**जब तपाईं आफ्ना १० वर्ष उमेर बढीका बालबालिकालाई एक्लै विद्यालय जान र फर्कन दिने निर्णय गर्नुहुन्छ तब सँगै यात्रा गर्ने योजना बनाउनुहोस्। निम्न कुरा गरेर सुरक्षित पैदलयात्री हुने अभ्यास गर्नुहोस्ः**

- सडकपेटीको बायाँ हिंडेर
- सवारीसडकबाट आइरहेका र गइरेहका सवारीसाधन बारेमा सचेत भएर
- मोबाइल साधन वा अन्य मानिसहरुद्वारा विकर्षित नभएर
- पानी पर्ने मौसममा घर पुग्न सुरक्षित, वैकल्पिक बाटो प्रयोग गरेर
- अन्य पैदलयात्रीहरुलाई कदर गरेर।

**रोकिनुस्!** सडको डिलबाट एक कदम पछि बस्नुस्।
**हेर्नुहोस्!** लगातार बाटोको दुवै तर्फ हेर्नुहोस्।
**सुन्नुहोस्!** सवारी साधन आइरहेको आवाजका सुन्नुहोस्।
**सोच्नस्!** के बाटो काट्नु सुरक्षित छ?

**थप सहायताका लागि**

विभागको सडक सुरक्षा शिक्षा कार्यक्रम बारे निम्न वेबसाइटमा जानुहोस् https://education.nsw.gov.au/road-safety-education वा हेर्नुहोस्

https://education.nsw.gov.au र सडक सुरक्षा शिक्षा खोज्नुहोस्।

**तपाईंको बालबालिकालाई निम्न कुरागर्न प्रोत्साहित गर्नुहोस्ः**

- बाटो काट्न सदैव सुरक्षित स्थलको प्रयोग गर्न जस्तैः पैदलयात्रीको बाटो काट्ने ठाउँ, ट्राफिक बत्ती वा विद्यालयको बाटो काट्ने ठाउँ, यदि उपलब्ध छ भने
- उनीहरुले सडक वा सवारीसडक काट्नुअघि घुमाइरहेका सवारीसाधनको जाँच गर्न
- चालकले उनीहरुलाई देख्छ वा उनीहरुका लागि रोक्छ भन्ने अनुमान कदापि नगर्न
- चालकले उनीहरुलाई देखेको थाहा पाउनका लागि चालकसँग प्रत्यक्ष आँखा जुधाउन
- उनीहरुले सडक वा सवारीसडक पार गर्नुअघि चालकले पूर्णरुपमा उनीहरुको गाडीलाई नरोकुञ्जेल पर्खन।

